

# अर्थ

2018, JUL
Tuesday
3

हालेखापरीक्षकको कार्यालको रणनीतिक योजना, कार्य सञ्चालन योजना र महालेखापरीक्षकको कार्य योजनाले उच्च जोखिम रहेको क्षेत्रलाई लेखापरीक्षणमा प्राथमिकता दिनुका साथै निकायको नेतृत्वको लेखापरीक्षण समेत शुरूवात गरेको बताउनुभयो।आईडीआईले इन्टोसाईको सदस्य लेखापरीक्षण संस्थाबीच ज्ञान, सीप तथा अन्तर्राष्ट्रिय असल अभ्यास बारे जानकारी गराई सर्वोच्च लेखापरीक्षण संस्थाको क्षमता विकासमा गरेको योगदानको शर्माले प्रशंसा गर्नुभयो।


हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।


# नलगाड जलविद्युत् आयोजना बनाउन जापानलाई प्रस्ताव

काठमाडौं (नेस)

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री वर्षमान पुन र नेपालका लागि जापानी राजदूत मासामिची साइगोबीच सोमबार भेटवार्ता भएको छ। ऊर्जा मन्त्रालयमा भएको भेटवार्तामा मन्त्री पुन र राजदूत साइगोबीच सरकारले राखेको ऊर्जा विकासको लक्ष्य प्राप्त गर्न जापानबाट आर्थिक तथा प्राविधिक सहयोगको विषयमा छलफल भएको छ।

राजदूतसँगको भेटघाटपछि सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री पुनले ऊर्जा र जलविद्युत्को क्षेत्रमा सरकारले राखेको महत्वकांक्षी लक्ष्य प्र्ँप्तिका लागि जापानबाट ऋण, सहयोग र लगानीको अपेक्षा गरेका बताउनुभयो। जापानको निजी क्षेत्रलाई पनि नेपालको जलविद्युत् क्षेत्रमा लगानीका लागि वातावरण बनाइदिन आफूले राजदूत साईगोमार्फत् आग्रह गरेको मन्त्री पुनको भनाइ छ। मन्त्री पुनले जाजरकोटस्थित ४ सय १० मेगावाट नलगाड जलविद्युत् आयोजना निर्माणका लागि आफूले आग्रह गरेको र राजदूत उक्त विषयमा सकारात्मक रहेको मन्त्री पुनको भनाइ छ।

> जापानको निजी क्षेत्रलाई पनि नेपालको जलविद्युत् क्षेत्रमा लगानीका लागि वातावरण बनाइदिन आफूले राजदूत साईगोमार्फत् आग्रह गरेको मन्त्री पुनको भनाइ छ।

भेटका क्रममा जापानी राजदूत साइगोले जापानले शिक्षा, स्वास्थ्य र पूर्वाधारको क्षेत्रमा सहयोग गर्दै आएको विषय उल्लेख गर्दै आगामी दिनमा जलस्रोत तथा ऊर्जाको क्षेत्रमा पनि काम गर्न जापान इच्छुक रहेको धारणा राख्नुभएको थियो। दुई देशबीचको सम्बन्ध विगतदेखी सुमधुर रहेको र आगामी दिनमा पनि कायम रहने राजदूत साइगोको भर्ना छ।

# जेसीबीका ग्राहकले प्लान्ट भ्रमण गरे

काठमाडौं, (नेस)

नेपालका लागि जेसीबी ब्रान्डका निर्माण तथा हेभी इक्विपमेन्टको आधिकारिक बिक्रेता एमएडब्लु अर्थमुभर्स प्रालिले आफ्नो ग्राहकलाई चार दिने जेसीबी प्लान्ट भ्रमणको आयोजना गरेको छ।

नेपाली ग्राहकको टोलीलाई भारतको पुणेस्थित जेसीबी प्लान्टको भ्रमण गराइएको हो। भ्रमणका क्रममा जेसीबीका ग्राहकले कसरी स्टिलबाट मेसिन बनाइन्छ ?, प्रोफिलिङ, लेजरकटिङ, वेल्डिङ र पार्टस्को एसेम्ब्ली गरेर कसरी जेसीबी मेसिन तयार पारिन्छ ? भन्ने निरीक्षण गरेका थिए। उनीहरूले जेसीबी एस्काभेटरको रेन्जको निर्माण प्रक्रियाको पनि अवलोकन गरेका थिए। जेसीबीले तीनदेखि ३८ टनसम्मको एस्काभेटरको उत्पादन गर्दै आएको छ। ग्राहकले पुने प्लान्टसहित खन्डला र मुम्बईको समुद्र क्षेत्रको पनि अवलोकन गरेका थिए। भ्रमणमा सहभागी ग्राहकले जेसीबीको प्लान्टको भ्रमण निकै फलदायी र स्मरणीय भएको बताए। उनीहरूले संसारकै प्रतिष्ठित ब्रान्डसँग आबद्ध हुन पाउनु र देशविकासमा सहभागी हुनपाउनुमा गौरव महसुस गरेको पनि बताए।




भक्तपुर इँटाभटा संघका अध्यक्ष तथा जेसीबीका ग्राहक नातिकाजी ह्योम्बाले प्लान्टमा कसरी ठूल्ठूला मेसिन उत्पादन गरिन्छ भन्ने हेरेर दंग परेको बताए। 'यहाँको प्रविधि देखेर नेपालमा मैले प्रयोग गरेका जेसीबी मेसिनमाथि झन् विश्वास बढेको छ।

मलाई खुशी लागेको छ कि मैले जेसीबीलाई रोजेँ,' उनले भने। जेसीबी संसारकै 'टप थ्रि' हेभी इक्विमेन्ट निर्माता कम्पनीमध्ये पर्छ। चार महादेशमा फैलिएको जेसीबीको सञ्जालमा १२ हजार कर्मचारी आबद्ध छन्। जेसीबीका मेसिनहरू दुई हजार डिलरमार्फत एक सय ५० देशमा बिक्री वितरण हुने गर्छ। एमएडब्लु अर्थमुभर्सले सन् २००३ मा बेलायती हेभी इक्विपमेन्ट ब्रान्ड जेसीबीको डिलरसिप लिएको थियो। नेपालको अर्थमुभिङ र निर्माण उपकरण क्षेत्रमा यसको बजार हिस्सा ५० प्रतिशतभन्दा बढी छ।


RHINO GUARANTEED DUCTILITY 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम. एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ९२।९० | ८९।९० | ९२।९० | ९२।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| पोखरा, स्याङ्जा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695, 9855061366), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151, 9855021918), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450), Sindhuli (9854026965, 9851004153), Pathari (9852048341)



Saakha And Company Pvt. Ltd.
Kathmandu, Nepal

| Vehicle Model | Price (MRP) |
|---|---|
| BAW Double Cab Pickup BJ2034HKS41R | RS 47,14,000 /- |


# नेप्स उपाधि ग्लोबल आईएमईलाई

काठमाडौं, (नेस)

नेप्समा आबद्ध बैंक तथा वित्तीय संस्थाबीच सुमधुर सम्बन्ध कायम गर्न शुरू गरिएको नेप्सको दोस्रो फुटसल रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ। उक्त प्रतियोगितामा ग्लोबल आइएमई बैंकले विजय प्राप्त गरेको छ र उपविजेता कुमारी बैंक लिमिटेड बनेको छ।

उत्कृष्ट खेलाडीमा ग्लोबल आइएमई बैंकका राजेश केसी, उत्कृष्ट गोलरक्षकमा कुमारी बैंक लिमिटेडका सर्वेशमान शाक्य र सर्वाधिक गोलकर्तामा कुमारी बैंकका अर्विन श्रेष्ठले ११ गोल गर्दै सम्मान प्राप्त गरेका छन्। उक्त प्रतियोगितामा कम्पनीका सञ्चालक समितिका अध्यक्ष रविन नेपालले विजय बैंक तथा खेलाडीलाई पुरस्कार तथा सम्मान प्रदान गर्नुभएको थियो। १५ वटा बैंक तथा वित्तीय संस्थाहरूद्वारा संस्थापित एवम् सञ्चालित नेप्स, एक पेमेन्ट कार्ड इन्डष्ट्री डाटा सेक्यूरिटी स्ट्यान्डर्ड र पीसीआई पिन प्रमाणित कम्पनी हो। यो कम्पनी बैंक तथा वित्तीय संस्थाहरूको लागि इलेक्ट्रोनिक भुक्तानी सेवा प्रदान गर्ने साझा प्लेटफर्मको रुपमा विस्तारित हुँदै आइरहेको छ। कम्पनीले १३ वटा बैंक तथा वित्तीय संस्थाहरूलाई विभिन्न भिसा कार्ड सेवाहरूका लागि होस्टिङ र स्विचिङको सेवा समेत प्रदान गर्दै आईरहेको छ।


तपशिल

| सि.नं. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मूलुक | ईकाइ | प्रति ईकाइ मूल्य | अधिकतम खुद्रा विक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGRATORS | | SKYWORTH | SRS150DT | 120LTRS | CHINA | 1 | 11173 | 22800 | |
| 2 | REFRIGRATOR | | SKYWORTH | SRS110DT | 90LTRS | CHINA | 1 | 7823 | 15900 | |
| 3 | WASHING MACHINE | | SKYWORTH | T70A05N | 7KG | CHINA | 1 | 13349 | 33400 | |
| 4 | WASHING MACHINE | | SKYWORTH | TL9DD | 9kG | CHINA | 1 | 22630 | 56400 | |
| 5 | WASHING MACHINE | | SKYWORTH | F750208ND | 7.5Kg | CHINA | 1 | 26965 | 67100 | |

बिक्रेताको नाम : SMART APPLIANCES PVT LTD स्थायी लेखा नं.:600821265
ठेगाना : SANOGAUCHARAN, फोन नं. 014443738



बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

## नारायणघाट शाखाको ३५ दिने सार्वजनिक सूचना

बाजेको नाम थाहा नभएको, डिल बहादुर थापाको छोरी, हेम बहादुर थापाको पत्नी, ३ नं. प्रदेश, चितवन जिल्ला, भरतपूर महानगरपालिका वडा नं. २ बस्ने वर्ष ५४ की श्रीमती दुर्गा देवी थापाको नाममा यस बैंकको नारायणघाट शाखामा खाता नं. ०९५६०००५०४७६५२४ को बचत खाता रहेकोमा खातावाला श्रीमती दुर्गा देवी थापाको मिति २०७२/०२/१५ गतेमा स्वर्गवास भएको भनी नेपाल सरकार, संघिय मामिला तथा, स्थानिय विकास मन्त्रालय, केन्द्रिय पञ्जिकरण विभाग, स्थानिय पञ्जिकाधिकारीको कार्यालय, वडा नं. २ भरतपूर महानगरपालिका चितवनको मिति २०७५/०२/२९ गतेको मृत्यु दर्ता प्रमाणपत्र लगायतका कागजातहरू पेश गरी श्रीमती दुर्गा देवी थापाको पति हेम बहादुर थापाले उक्त रकमको भुक्तानी पाउँ भनि निवेदन गर्न आउनु भएकोले सर्वसाधारणलाई यो सूचना प्रकाशित गरिएको छ । निवेदकको निवेदन बमोजिम यस बैंकको उक्त खातामा रहेको उक्त रकमको भुक्तानी निज निवेदकले भने बमोजिम दिन नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन म्यादभित्र यस बैंक अफ काठमाण्डू लिमिटेडको नारायणघाट शाखामा आफ्नो लिखित प्रमाण कागजहरू सहित दावी गर्न आउनुहुन अनुरोध गरिएको छ । लेखिए बमोजिमको म्यादभित्र कोही कसैको दावी पर्न नआएमा बैंकको नियमानुसार भएर जाने र सोको लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।


# लेखापरीक्षकका लागि कार्यशाला

काठमाडौं, (नेस)

भ्रष्टाचार निवारण सम्बन्धमा संस्थागत व्यवस्थाको कार्यमूलक लेखापरीक्षण गर्न तथा सर्वोच्च लेखापरीक्षण संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले काठमाडौंमा ११ दिन कार्यशाला गोष्ठी आयोजना भएको छ। सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) अन्तर्गतको इन्टोसाई डेभलपमेन्ट इनिसियटिभ (आईडीआई) ले काठमाडौंमा आयोजना गरेको 'साई फाईटिङ करप्सन' कार्यशाला गोष्ठी सोमबारबाट शुरू भएर असार २९ गतेसम्म चल्नेछ।

कार्याशालामा गोष्ठीमा बोल्दै महालेखापरीक्षक टंकमणि शर्माले भ्रष्टाचार राष्ट्रको लागि गम्भीर अपराध भएको र यसले आर्थिक समृद्धि, समानता एवम् सामाजिक न्यायमा बाधा पुर्‍याउने धारणा राख्नुभयो। भ्रष्टाचारले लगानीको वातावरण कमजोर पार्ने र नागरिकहरूको आधारभूत अधिकार प्राप्तिलाई अवरोध गर्ने उहाँले बताउनुभयो।

भ्रष्टाचार निवारणमा सर्वोच्च लेखापरीक्षण संस्थाहरूले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने विषयमा चर्चा गर्दै सर्वोच्च लेखापरीक्षण संस्थाहरूले निष्ठा, इमान्दारिता, जवाफदेहीता, पारदर्शिताको प्रदर्शन एवम् प्रवर्द्धन गरी अन्य सरकारी निकायहरूको लागि उदाहरणीय बन्नुपर्ने महालेखा परीक्षक शर्माको भनाइ छ।





" पखेटा "

| DATE | ASSOCIATIES | PROGRAM | DAY / TIME |
|---|---|---|---|
| 3rd July | Rajendra Subedi [Compose] | Panauti Kaka | Tue [7-8 PM] |
| 5th July | Prabisha Adhikari [Vocal] Manish Basistha [Lyrics] Anil Dhital [Arrange] | Fresh Hits | Thurs [7-8 PM] |

FROM 1ST JULY 2018

DO TUNE INTO TIMES FM 90. 6 MHz

times FM 90.6 MHz
u deserve better

90.6 Only tune on



VACANCY ANNOUNCEMENT

Karnali Development Bank Limited, Nepalgunj, Banke is looking for the young, energetic, self driven and career oriented candidates for the following positions.

**1. Position: SR. Manager - 1**

***Minimum education qualification :*** BBA /BBS or Similar
***Working Experience*** : Minimum 5 year experience as a Senior Officer / Manager in a national wide financial institution/ Development bank or a commercial bank.

**2. Position: Ast. Manager - Few**

***Minimum education qualification :*** BBA /BBS or Similar
***Working Experience*** : Minimum 4 year experience as a Senior Officer / Manager in a national wide financial institution/ Development bank or a commercial bank.

If you are Creative, Innovative, result oriented, can perform well under pressure, and If you believe you can head the Bank in future, please apply along with currently updated resume, a recent passport size photograph, evidence of academic qualifications, experiences, copy of citizenship. The application should reach to the following address by 19 July, 2018.

*The Bank reserves the right to accept or reject applications without assigning any reason whatsoever.*

कर्णाली डेभलपमेन्ट बैंक लि.
Karnali Development Bank Ltd.
Surkhet Road, Nepalgunj, Banke, Nepal
Tel: 081-415040/415074, Fax: 081-415104
Email: vacancy@kdblnepal.com


# SHARE MARKET

2 JULY MONDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 4610.00 | 308.00 | 299.00 | 305.00 | 0.00 |
| 2 | Api Power Company Ltd. | 804.00 | 280.00 | 275.00 | 280.00 | -2.00 |
| 3 | Arun Kabeli Power Ltd. | 1340.00 | 263.00 | 251.00 | 263.00 | -1.00 |
| 4 | Arun Valley Hydropower Dev. Co. Ltd. | 5511.00 | 154.00 | 147.00 | 153.00 | 1.00 |
| 5 | Asian Life Insurance Co. Limited | 782.00 | 638.00 | 625.00 | 631.00 | -15.00 |
| 6 | Bank of Kathmandu Ltd. | 16840.00 | 255.00 | 250.00 | 251.00 | -8.00 |
| 7 | Barun Hydropower Co. Ltd. | 210.00 | 149.00 | 146.00 | 149.00 | 1.00 |
| 8 | Bhargav Bikash Bank Ltd. | 750.00 | 125.00 | 125.00 | 125.00 | 0.00 |
| 9 | Bottlers Nepal (Terai) Limited | 20.00 | 5500.00 | 5500.00 | 5500.00 | -78.00 |
| 10 | Butwal Power Company Limited | 2311.00 | 440.00 | 431.00 | 436.00 | -5.00 |
| 11 | Central Finance Co. Ltd. | 600.00 | 115.00 | 115.00 | 115.00 | -2.00 |
| 12 | Century Commercial Bank Ltd. | 8886.00 | 164.00 | 160.00 | 161.00 | -2.00 |
| 13 | Chhimek Laghubitta Bikas Bank Limited | 2394.00 | 885.00 | 870.00 | 870.00 | -1.00 |
| 14 | Chhyangdi Hydropower Ltd. | 70.00 | 139.00 | 137.00 | 139.00 | 3.00 |
| 15 | Chilime Hydropower Company Limited | 3170.00 | 748.00 | 735.00 | 735.00 | -10.00 |
| 16 | Citizen Bank International Limited | 9254.00 | 234.00 | 228.00 | 234.00 | 3.00 |
| 17 | Citizens Mutual Fund -1 | 2000.00 | 9.17 | 9.17 | 9.17 | 0.00 |
| 18 | Civil Bank Ltd | 18716.00 | 148.00 | 141.00 | 144.00 | -3.00 |
| 19 | Corporate Development Bank Limited | 760.00 | 103.00 | 100.00 | 100.00 | -2.00 |
| 20 | Deprosc Laghubitta Bittiya Sanstha Ltd. | 3754.00 | 741.00 | 715.00 | 730.00 | 3.00 |
| 21 | Deva Bikas Bank Limited | 650.00 | 134.00 | 131.00 | 132.00 | 2.00 |
| 22 | Dibyashwori Hydropower Ltd. | 439.00 | 111.00 | 108.00 | 111.00 | 1.00 |
| 23 | Everest Bank Limited | 12793.00 | 670.00 | 640.00 | 655.00 | -1.00 |
| 24 | Everest Bank Limited Con. Pref. | 10.00 | 622.00 | 622.00 | 622.00 | 11.00 |
| 25 | Everest Insurance Co. Ltd. | 306.00 | 1290.00 | 1265.00 | 1290.00 | 0.00 |
| 26 | Excel Development Bank Ltd. | 61.00 | 330.00 | 330.00 | 330.00 | 5.00 |
| 27 | First Micro Finance Dev. Bank Ltd. | 3371.00 | 530.00 | 500.00 | 510.00 | -10.00 |
| 28 | Forward Comm. Mi. Bittiya Sanstha Ltd. | 482.00 | 2161.00 | 2080.00 | 2105.00 | -5.00 |
| 29 | Gandaki Bikas Bank Limited | 2047.00 | 186.00 | 181.00 | 185.00 | 1.00 |
| 30 | Garima Bikas Bank Limited | 3010.00 | 175.00 | 170.00 | 173.00 | 1.00 |
| 31 | Global IME Bank Limited | 63170.00 | 284.00 | 275.00 | 284.00 | 4.00 |
| 32 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 115.00 | 1140.00 | 1120.00 | 1140.00 | 0.00 |
| 33 | Goodwill Finance Co. Ltd. | 970.00 | 122.00 | 120.00 | 120.00 | -3.00 |
| 34 | Grameen Bikas Lag. Bittiya Sans. Ltd. | 4453.00 | 588.00 | 569.00 | 577.00 | -1.00 |
| 35 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 140.00 | 128.00 | 124.00 | 128.00 | 6.00 |
| 36 | Gurans Life Insurance Company Ltd. | 1698.00 | 864.00 | 800.00 | 864.00 | 46.00 |
| 37 | Hathway Finance Company Limited | 30.00 | 133.00 | 131.00 | 131.00 | -4.00 |
| 38 | Himalayan Bank Limited | 850.00 | 542.00 | 536.00 | 536.00 | -9.00 |
| 39 | Himalayan General Insurance Co. Ltd | 2384.00 | 438.00 | 425.00 | 425.00 | -5.00 |
| 40 | Himalayan Power Partner Ltd. | 250.00 | 281.00 | 273.00 | 281.00 | 3.00 |
| 41 | ICFC Finance Limited | 2004.00 | 173.00 | 167.00 | 170.00 | -6.00 |
| 42 | IME General Insurance Ltd. | 926.00 | 870.00 | 860.00 | 860.00 | -20.00 |
| 43 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 21338.00 | 152.00 | 145.00 | 149.00 | -1.00 |
| 44 | Janaki Finance Ltd. | 1400.00 | 166.00 | 163.00 | 166.00 | -1.00 |
| 45 | Janata Bank Nepal Ltd. | 2779.00 | 151.00 | 150.00 | 151.00 | 1.00 |
| 46 | Janautthan Sam. Lagh. Bikas Bank Ltd. | 120.00 | 2856.00 | 2761.00 | 2856.00 | -5.00 |
| 47 | Jebils Finance Ltd. | 1220.00 | 103.00 | 102.00 | 102.00 | 0.00 |
| 48 | Jyoti Bikas Bank Limited | 77238.00 | 136.00 | 132.00 | 134.00 | -1.00 |
| 49 | Kabeli Bikas Bank Limited | 62.00 | 223.00 | 223.00 | 223.00 | 0.00 |
| 50 | Kailash Bikas Bank Ltd. | 227.00 | 220.00 | 215.00 | 220.00 | 2.00 |
| 51 | Kalika Microcredit Development Bank Ltd. | 272.00 | 1275.00 | 1250.00 | 1270.00 | 20.00 |
| 52 | Kamana Sewa Bikas Bank Limited | 8151.00 | 144.00 | 138.00 | 144.00 | 1.00 |
| 53 | Kanchan Development Bank Limited | 24.00 | 182.00 | 182.00 | 182.00 | -3.00 |
| 54 | Kankai Bikas Bank Ltd. | 1260.00 | 125.00 | 123.00 | 123.00 | -2.00 |
| 55 | Karnali Development Bank Limited | 575.00 | 112.00 | 108.00 | 108.00 | -6.00 |
| 56 | Khanikhola Hydropower Co. Ltd. | 404.00 | 113.00 | 111.00 | 112.00 | -1.00 |
| 57 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 200.00 | 1540.00 | 1511.00 | 1511.00 | -41.00 |
| 58 | Kumari Bank Limited | 19519.00 | 203.00 | 199.00 | 200.00 | -2.00 |
| 59 | Laxmi Bank Limited | 4313.00 | 248.00 | 244.00 | 248.00 | 0.00 |
| 60 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 219.00 | 1051.00 | 1031.00 | 1040.00 | 9.00 |
| 61 | Laxmi Value Fund-1 | 7754.00 | 10.25 | 10.23 | 10.25 | -0.15 |
| 62 | Life Insurance Co. Nepal | 937.00 | 1545.00 | 1495.00 | 1545.00 | 20.00 |
| 63 | Lumbini Bikas Bank Ltd. | 5420.00 | 146.00 | 140.00 | 142.00 | 0.00 |
| 64 | Lumbini General Insurance Co. Ltd. | 1797.00 | 525.00 | 510.00 | 515.00 | -5.00 |
| 65 | Machhapuchhre Bank Limited | 3164.00 | 209.00 | 205.00 | 208.00 | 0.00 |
| 66 | Mahalaxmi Bikas Bank Ltd. | 614.00 | 167.00 | 163.00 | 167.00 | 1.00 |
| 67 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 70.00 | 703.00 | 700.00 | 700.00 | 10.00 |
| 68 | Mahuli Sam. Laghubitta Bittiya San. Ltd. | 190.00 | 2561.00 | 2451.00 | 2561.00 | 16.00 |
| 69 | Manjushree Finance Ltd. | 16386.00 | 124.00 | 118.00 | 120.00 | -6.00 |
| 70 | Mega Bank Nepal Ltd. | 20057.00 | 156.00 | 151.00 | 155.00 | 2.00 |
| 71 | Mero Microfinance Bittiya Sanstha Ltd. | 167.00 | 1055.00 | 1002.00 | 1054.00 | 36.00 |
| 72 | Mirmire Microfinance Dev. Bank Ltd. | 60.00 | 1460.00 | 1450.00 | 1460.00 | 18.00 |
| 73 | Mission Development Bank Ltd. | 100.00 | 180.00 | 180.00 | 180.00 | -3.00 |
| 74 | Miteri Development Bank Limited | 343.00 | 280.00 | 270.00 | 280.00 | 5.00 |
| 75 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 270.00 | 934.00 | 907.00 | 934.00 | -9.00 |
| 76 | Muktinath Bikas Bank Ltd. | 5261.00 | 372.00 | 356.00 | 360.00 | 2.00 |
| 77 | Nabil Bank Limited | 2420.00 | 928.00 | 917.00 | 920.00 | -8.00 |
| 78 | NABIL Bank Limited Promotor Share | 7648.00 | 710.00 | 690.00 | 700.00 | 0.00 |
| 79 | Nabil Equity Fund | 11001.00 | 9.02 | 9.00 | 9.02 | 0.02 |
| 80 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 216.00 | 2470.00 | 2435.00 | 2435.00 | -45.00 |
| 81 | National Hydro Power Company Limited | 2300.00 | 80.00 | 78.00 | 79.00 | 1.00 |
| 82 | National Life Insurance Co. Ltd. | 7149.00 | 1200.00 | 1180.00 | 1182.00 | -12.00 |
| 83 | National Microfinance Bittiya Sanstha Ltd. | 256.00 | 2131.00 | 2050.00 | 2089.00 | 1.00 |
| 84 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 82.00 | 2019.00 | 1980.00 | 2019.00 | 0.00 |
| 85 | Neco Insurance Co. Ltd. | 4284.00 | 522.00 | 511.00 | 514.00 | -6.00 |
| 86 | Nepal Bangladesh Bank Limited | 15038.00 | 211.00 | 205.00 | 208.00 | 1.00 |
| 87 | Nepal Bank Limited | 18327.00 | 289.00 | 283.00 | 284.00 | -8.00 |
| 88 | Nepal Community Development Bank Ltd. | 290.00 | 120.00 | 120.00 | 120.00 | 0.00 |
| 89 | Nepal Credit And Commercial Bank Ltd. | 7329.00 | 231.00 | 226.00 | 231.00 | 0.00 |
| 90 | Nepal Doorsanchar Comapany Limited | 3400.00 | 722.00 | 719.00 | 719.00 | -1.00 |
| 91 | Nepal Hydro Developers Ltd. | 140.00 | 176.00 | 173.00 | 175.00 | -4.00 |
| 92 | Nepal Insurance Co. Ltd. | 3570.00 | 620.00 | 610.00 | 610.00 | -10.00 |
| 93 | Nepal Investment Bank Limited | 16571.00 | 617.00 | 610.00 | 615.00 | 0.00 |
| 94 | Nepal Investment Bank Ltd. Pro. Share | 398.00 | 535.00 | 531.00 | 535.00 | 1.00 |
| 95 | Nepal Life Insurance Co. Ltd. | 7743.00 | 999.00 | 983.00 | 991.00 | -1.00 |
| 96 | Nepal SBI Bank Limited | 1913.00 | 495.00 | 487.00 | 487.00 | -10.00 |
| 97 | Nerude Laghubita Bikas Bank Limited | 607.00 | 646.00 | 634.00 | 637.00 | 3.00 |
| 98 | Ngadi Group Power Ltd. | 727.00 | 167.00 | 167.00 | 167.00 | -3.00 |
| 99 | NIBL Pragati Fund | 2525.00 | 8.00 | 7.96 | 8.00 | -0.10 |
| 100 | NIBL Samriddhi Fund 1 | 3087.00 | 10.50 | 10.41 | 10.50 | 0.09 |
| 101 | NIC Asia Bank Ltd. | 12858.00 | 316.00 | 306.00 | 306.00 | -5.00 |
| 102 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 1938.00 | 1045.00 | 1020.00 | 1020.00 | -39.00 |
| 103 | NLG Insurance Company Ltd. | 1499.00 | 873.00 | 840.00 | 873.00 | 3.00 |
| 104 | NMB Microfinance Bittiya Sanstha Ltd. | 534.00 | 1382.00 | 1360.00 | 1360.00 | -22.00 |
| 105 | NMB Bank Limited | 1603.00 | 345.00 | 339.00 | 340.00 | -2.00 |
| 106 | NMB Sulav Investment Fund-1 | 16000.00 | 11.50 | 11.40 | 11.50 | 0.00 |
| 107 | Om Development Bank Ltd. | 4913.00 | 173.00 | 169.00 | 169.00 | -3.00 |
| 108 | Oriental Hotels Limited | 152.00 | 515.00 | 500.00 | 514.00 | 4.00 |
| 109 | Pokhara Finance Ltd. | 48.00 | 135.00 | 134.00 | 135.00 | 2.00 |
| 110 | Prabhu Bank Limited | 31216.00 | 183.00 | 177.00 | 177.00 | -5.00 |
| 111 | Prabhu Insurance Ltd. | 4676.00 | 508.00 | 490.00 | 492.00 | -6.00 |
| 112 | Premier Insurance Co. Ltd. | 2963.00 | 1125.00 | 1099.00 | 1115.00 | -5.00 |
| 113 | Prime Commercial Bank Ltd. | 5841.00 | 281.00 | 276.00 | 279.00 | 1.00 |
| 114 | Prime Life Insurance Company Limited | 4903.00 | 530.00 | 510.00 | 517.00 | -14.00 |
| 115 | Prudential Insurance Co. Ltd. | 845.00 | 762.00 | 733.00 | 762.00 | 17.00 |
| 116 | Purnima Bikas Bank Ltd. | 3.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 117 | Radhi Bidyut Company Ltd | 899.00 | 223.00 | 217.00 | 218.00 | -7.00 |
| 118 | Rairang Hydropower Dev. Company Ltd. | 40.00 | 215.00 | 203.00 | 203.00 | -16.00 |
| 119 | Rastriya Beema Company Limited | 140.00 | 10800.00 | 10600.00 | 10600.00 | -100.00 |
| 120 | Rastriya Beema Co. Limited Pro. Share | 170.00 | 9990.00 | 9800.00 | 9800.00 | -269.00 |
| 121 | Reliance Finance Ltd. | 590.00 | 120.00 | 118.00 | 120.00 | 2.00 |
| 122 | Ridi Hydropower Development Co. Ltd. | 256.00 | 122.00 | 120.00 | 120.00 | -4.00 |
| 123 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 1241.00 | 655.00 | 637.00 | 640.00 | -10.00 |
| 124 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 782.00 | 523.00 | 505.00 | 505.00 | -12.00 |
| 125 | Sagarmatha Insurance Co. Ltd. | 422.00 | 1299.00 | 1270.00 | 1299.00 | 9.00 |
| 126 | Sahayogi Bikas Bank Limited | 100.00 | 186.00 | 186.00 | 186.00 | -3.00 |
| 127 | Samata Microfinance Bittiya Sanstha Ltd. | 530.00 | 1331.00 | 1279.00 | 1300.00 | -26.00 |
| 128 | Sana Kisan Bikas Bank Ltd | 1177.00 | 1128.00 | 1093.00 | 1125.00 | 14.00 |
| 129 | Sanima Bank Limited | 8179.00 | 323.00 | 317.00 | 320.00 | -1.00 |
| 130 | Sanima Equity Fund | 1000.00 | 9.00 | 9.00 | 9.00 | -0.05 |
| 131 | Sanima Mai Hydropower Ltd. | 4191.00 | 326.00 | 318.00 | 326.00 | 5.00 |
| 132 | Saptakoshi Development Bank Ltd. | 2852.00 | 120.00 | 116.00 | 119.00 | 1.00 |
| 133 | Shangrila Development Bank Ltd. | 1386.00 | 151.00 | 147.00 | 151.00 | 2.00 |
| 134 | Shikhar Insurance Co. Ltd. | 2001.00 | 915.00 | 900.00 | 906.00 | 4.00 |
| 135 | Shine Resunga Development Bank Ltd. | 371.00 | 270.00 | 265.00 | 270.00 | 0.00 |
| 136 | Shree Investment Finance Co. Ltd. | 4520.00 | 147.00 | 145.00 | 147.00 | 0.00 |
| 137 | Shrijana Finance (Bittaya Sanstha) | 38.00 | 222.00 | 222.00 | 222.00 | -4.00 |
| 138 | Siddhartha Bank Limited | 7489.00 | 297.00 | 291.00 | 295.00 | 0.00 |
| 139 | Siddhartha Equity Orineted Scheme | 18000.00 | 11.01 | 11.00 | 11.00 | -0.01 |
| 140 | Siddhartha Insurance Ltd. | 2322.00 | 670.00 | 650.00 | 655.00 | -5.00 |
| 141 | Sindhu Bikash Bank Ltd | 400.00 | 128.00 | 126.00 | 128.00 | 0.00 |
| 142 | Soaltee Hotel Limited | 2136.00 | 235.00 | 232.00 | 235.00 | 1.00 |

Total Amount Rs. 204,572,662 Total Quantity 672,103 Total No of Transactions 3,218

२०७५, असार
मंगलबार
१९

‘अबको केही समयपछि नै तपाईंहरूलाई यहीं उमारिएको र फलाइएको फलफूलदेखि तरकारीसम्मबाट स्वागत गर्नेछौं। तपाईंकै अगाडि दुहेको दूध पिलाउनेछौं,’

# अर्थ

## पाटन कलेज फर प्रोफेसनल स्टडिजका विद्यार्थी दीक्षित




काठमाडौं, (नेस)

पाटन कलेज फर प्रोफेसनल स्टडिजको पहिलो दीक्षान्त समारोह सम्पन्न भएको छ। ललितपुरको कुपण्डोलमा रहेको पाटन कलेज फर प्रोफेसनल स्टडिज बेलायतको युनिभर्सिटी अफ बेडफोरसायर विश्वविद्यालयको सम्बन्धन प्राप्त कलेज हो।

दीक्षान्त समारोह पूर्वप्रधानमन्त्री माधव कुमार नेपालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। सो दीक्षान्त समारोहमा क्याम्पसका बीएससी आनर्स, कम्प्युटर साइन्स एन्ड सफ्टवेयर इन्जिनियरिङ अध्ययन गरेका २० जना विद्यार्थी दीक्षित भएका थिए। दीक्षान्त समारोहमा बोल्दै प्रमुख अतिथि नेपालले दीक्षित विद्यार्थीलाई बधाई दिँदै उनीहरूको उज्जवल भविष्यका लागि शुभकामना व्यक्त गर्नुभयो। त्यसैगरी क्याम्पसका अध्यक्ष पंकज जालानले स्वागत मन्तव्य दिँदै दीक्षित विद्यार्थीलाई बधाई तथा शुभकामना दिनुभयो। कलेजका संस्थापक परमानन्द केजरीवाल, विश्वविद्यालय सहउपकुलपति डा. अशरफ जावेदले विद्यार्थीलाई दीक्षित गराउनुभएको थियो।। युनिभर्सिटी अफ बेडफोरसायर टाइम्स युके रैंकिङ अनुसार विश्वको ६०० देखि ८०० स्थानको बीचमा पर्छ।

## डीएभी स्कुलमा प्रदर्शनी सम्पन्न



काठमाडौं, (नेस)

सामुदायिक विद्यालयका विद्यार्थीलाई आवश्यक मञ्चको व्यवस्था गर्ने आशयका साथ आयोजना गरिएको अन्तर्राष्ट्रिय ललित कला प्रदर्शनी सम्पन्न भएको छ। ‘स्प्ल्यास अफ कलर्स’ शीर्षक रहेको प्रदर्शनीले सामुदायिक स्कुलका विद्यार्थीलाई आषनो कला प्रस्तुत गर्न थप ऊर्जा प्रदान गरेको आयोजकको दाबी छ।

डीएभी स्कूलद्वारा आयोजित उक्त कार्यक्रममा चार सामुदायिक विद्यालयका २२ विद्याथी (टीका विद्याश्रम मावि, सचेतना प्राथमिक विद्यालय, म्यारी वार्ड स्कुल र कीर्ति माध्यमिक विद्यालय) कासाथै डीएभी स्कूलका ७८ जना र भारतका चार विभिन्न विद्यालयबाट विद्यार्थी सहभागी रहेका थिए। कार्यक्रममा सिर्जना कलेज अफ फाइन आर्टस्का क्याम्पस प्रमुख तथा वरिष्ठ कलाकार मदन चित्रकारले बालबालिकालाई ललित कलालाई पनि अन्य पेशाजस्तै आफ्नो पेशाको रुपमा अगांल्न प्रोत्साहन गर्नुभयो।

डीएभी स्कूलका सह-प्रध्यानाध्यापक राम चन्द्र खनालको अध्यक्ष्यतामा सम्पन्न उक्त २ दिने कार्यक्रममा विद्यार्थीहरूको चित्रकलालाई प्रोत्साहन गर्न उनिहरूले बनाएका चित्रहरूलाई प्रर्दशनी साथ-साथै दर्शकहरूले मन पराएको खण्डमा किन्न पाउने व्यवस्था पनि गरिएको थियो।

## निरन्तर घट्दै शेयर बजार

# दुई वर्षयताकै न्यून बिन्दुमा पुग्ने संकेत

नेपाल समाचारपत्र

काठमाडौं

गत चैतमा दुई वर्षयताकै न्युन बिन्दू अर्थात् १ हजार १ सय ६८ को बिन्दूसम्म झरेको शेयर बजार फेरि सोही सेरोफेरोमा पुगेको छ। आइतबार १४ प्रतिशतले घटेको नेपाल स्टक एक्सचेन्ज नेप्से परिसूचक सोमबार ४ दशमलव ८२ अंकले घटेर १ हजार १ सय ७९ दशमलव ७१ अंकमा कायम भएको छ।

सोमबार दिनभरिमा १ सय ५९ वटा कम्पनीको ६ लाख ७२ हजार १ सय ३ कित्ता शेयर ३ हजार २ सय १८ पटक खरिद बिक्री हुँदा २० करोड ४५ लाख ७२ हजार ६ सय ६२ रुपियाँ बराबरको कारोबार भएको छ। दिनभरीको कारोबारमा होटल समूह २ दशमलव २३ अंकले र विकास बैंक ३ दशमलव ७५ अंकले बढ्नुबाहेक अन्य कुनै पनि समूहको उपसुचक उकालो लाग्न सकेन।

सोमबार सबैभन्दा धेरै बीमा समूहको उपसूचक २१ दशमलव ४४ अंकले घटेको छ। बैंकिङ समूहको उपसूचक ५ दशमलव ३४ अंक, जलविद्युत् समूहको उपसूचक १३ दशमलव ५९ अंक, वित्त समूहको उपसूचक ३ दशमलव शून्य ४ अंक, उत्पादनमूलकको उपसूचक शून्य दशमलव १३ अंक, अन्य समूहको उपसूचक १ दशमलव २१ अंक र लघुवित्त समूहको उपसूचक ५ दशलमव २४ अंकले घटेका छन्।

सोमबार सबैभन्दा धेरै ग्लोबल आइएमई बैंकको १ करोड ७५ लाख रुपियाँ बराबरको शेयर कारोबार भएको छ। सबैभन्दा धेरै कमाउनेमा उन्नति माइक्रोफाइनान्स कम्पनीका शेयरधनीले प्रतिकित्ता ६ दशमलव शून्य १ प्रतिशतले कमाएका छन् भने सबैभन्दा धेरै गुमाउनेमा रैराङ हाइड्रो कम्पनीका लगानीकर्ताले प्रतिकित्ता ७ दशमलव ३० प्रतिशतका दरले गुमाएका छन्।

## एनआईसी एसिया बैंकको २० शाखामा कारोबार समय थप

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंकले असार १९ गतेबाट प्रमुख शहरका २० शाखाबाट बैंकिङ सेवाको समयावधिमा वृद्धि गरेको छ। आइतबारदेखि बिहीबारसम्म विहान ९ बजेदेखि साँझ ७ बजेसम्म र शुक्रबार बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म बैंकिङ कारोबार गर्न सकिने बैंकले जनाएको छ। त्रिपुरेश्वर, महाराजगन्ज, सामाखुसी, नयाँबानेश्वर, पुल्चोक, थापाथली कर्पोरेट कार्यालय, ठमेल, न्युरोड विशालबजार, न्युरोड खिचापोखरी, कमलादी, नारायणगढ, वीरगन्ज, महेन्द्रपुल पोखरा, धरान, विराटनगर, इटहरी, बुटवल, दमक, बिर्तामोड, नेपालगन्ज शाखा रहेका छन्।

बैंकको देशभर २२४ शाखा कार्यालय, २१८ एटीएम, १४ वटा एक्सटेन्सन काउन्टर एवम् ११ वटा शाखारहित बैंकिङ इकाई रहेको छ।




बैंकको वासलातको आकार १७५ अर्बभन्दा बढी पुगेको छ। जसमा निक्षेप करिब १५० अर्ब तथा कर्जा करिब ११९ अर्ब रहेको छ। बैंकको ग्राहक संख्या ११ लाख ७५ हजार रहेका छन्।

## ओम डेभलपमेन्ट बैंकको बोनस शेयर सूचीकृत

काठमाडौं, (नेस)

ओम डेभलपमेन्ट बैंकले आर्थिक वर्ष २०७३/७४ मा वितरण गरेको १७ दशमलव ६९ प्रतिशत अर्थात ३७,८१,०७३ कित्ता बोनस शेयर नेपाल स्टक एक्स्चेन्जमा सूचीकृत भएको छ। बोनस शेयर वितरणपछि बैंकको जम्मा सूचीकृत शेयर २,५१,५२,३५६ कित्ता पुगेको छ। २ अर्ब ५१ करोड ५२ लाख ३५ हजार ६ सय चुक्ता पुँजी रहेको बैंकको पुँजी संरचना संस्थापक शेयर ५१ प्रतिशत र सर्वसाधारण शेयर ४९ प्रतिशत रहेको छ।

बैंकले जेठ मसान्तसम्म १९ अर्ब ५० करोड निक्षेप संकलन गरी १७ अर्ब ५० करोड कर्जा लगानी गरेको छ भने शाखा संख्या ५३, कर्मचारी संख्या ४२६, ग्राहक संख्या करिब २ लाख ३५ हजार, एटिएम संख्या १७ रहेको छ।

# नौबिसेमा खुल्यो एग्रो रिसोर्ट

नेपाल समाचारपत्र

धादिङ

धादिङको नौबिसेमा अर्गानिक रिसोर्ट सञ्चालनमा आएको छ। नौबिसे एग्रो रिसोर्ट नाम दिइएको रिसोर्ट हालै धुनिवेंशी नगरपालिकाका मेयर बालकृष्ण आचार्य र अभिनेत्री सञ्चिता लुईंटेलले संयुक्तरुपमा औपचरिक शुभारम्भ गर्नुभयो।

रिसोर्टको शुभारम्भ गर्दै मेयर आचार्यले विविधताले भरिएको धादिङमा अर्गानिक सेवा र सुविधाका साथ रिसोर्ट सञ्चालनमा ल्याइनु सुखद् पक्ष भएको चर्चा गर्नुभयो। उहाँले स्थानीय क्षेत्रलाई प्रोत्साहित गर्न नगरपालिकाले रिसोर्ट औपचारिकरुपमा सञ्चालनमा आउनुअघि नै नगरपालिकाका विभिन्न कार्यक्रम आयोजना गरिएको बताउनुभयो। उहाँले रिसोर्टका साथै स्थानीयलाई माथि उकास्न बाटो घाटोदेखि अन्य भौगोलिक सुविधाका लागि नगरपालिका प्राप्त अधिकारको उपयोग गर्दै सहकार्य गरेर अगाडि बढ्न तयार भएको बताउनुभयो। त्यस्तै नायिका लुईंटेलले अहिलेको समयमा अर्गानिक वस्तु र परिकारको सुविधाका साथ रिसोर्ट सञ्चालनमा ल्याइएकोमा खुशी व्यक्त गर्दै रिसोर्टमा स्थानीयलाई रोजगारी दिनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा नेपाली कांग्रेस धुनिबेंसीका सभापति दीपेन्द्र पाठकले आफ्नो क्षेत्रमा सञ्चालनमा आएको उद्योग, कलकारखाना तथा होटललाई हरेक तह र तप्काबाट साथ र सहयोग गर्नुपर्नेमा जोड दिनुभयो भने होटल व्यवसायी महासंघका केन्द्रीय सल्लाहकार लीलाप्रसाद ढकालले नौबिसे क्षेत्रमा पहिलोपटक स्तरीय रिसोर्ट सञ्चालनमा आएको बताउनुभयो। रिसोर्टका अध्यक्ष खिमानन्द बस्यालले नौबिसेलाई पर्यटकीय हब बनाउने सोचले रिसोर्ट सञ्चालनमा ल्याइएको तथा आगामी दिनमा यस प्रकारको अन्य सुविधायुक्त रिसोर्ट र होटल सञ्चालनमा आउनुपर्ने र त्यसले नौबिसेको प्रचार प्रसार तथा प्रवर्द्धनमा टेवा पुग्ने चर्चा गर्नुभयो।

रिसोर्टका निर्देशक बालकृष्ण पोखरेलले काठमाडौंको कोलाहलबाट मुक्त भई शान्त र मनोरम परिवेशमा रम्न चाहनेका लागि धुनिबेंसीमा रिसोर्ट सञ्चालनमा ल्याइएको बताउनुभयो। उनका अनुसार रिसोर्टमा केही समयपछि नै रिसोर्ट कम्पाउण्डमै फलेका अर्गानिक फलफूलका साथ सागलगायतका तरकारीदेखि लिएर गाईभैंसीका दूधसम्म सेवन गर्न पाइनेछ। ‘अबको केही समयपछि नै तपाईंहरूलाई यहीं उमारिएको र फलाइएको



फलफूलदेखि तरकारीसम्मबाट स्वागत गर्नेछौं। तपाईंकै अगाडि दुहेको दूध पिलाउनेछौं,’ पोखरेलले भन्नुभयो। पारिवारिक वातावरणका साथ सेवा प्रदान गरिने भनिएको रिसोर्टमा हाललाई ८ आरामदायी शयन कक्षका साथमा सेमिनार र सभा हल, रेष्टुराँ, गार्डेन रेष्टुराँ र बारको व्यवस्था छ।







